नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चरिकोट, दोलखा

फोन ०४९-४२११३३
०४९-४२११०४
फ्याक्स नं ०४९-४२१०१८
इमेल:dolakhadao@gmail.com

पत्र संख्या :
चलानी नं. :

मितिः........२०८३/०६/२२

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दोलखा

विषय : –

**जीवन निर्वाह भत्ता बुझ्न आउने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

सशस्त्र द्वन्द , ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन लगायतका विभिन्न आन्दोलनका क्रममा घाइते भई अपाङ्गता भएका र साविकदेखि स्वीकृत भई नियमित रूपमा जीवन निर्वाह भत्ता प्राप्त गर्दै आउनुभएका/पुनरावलोकन सूचीमा पर्नुभएका महानुभावहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

चालू आर्थिक वर्षको प्रथम चौमासिक जीवन निर्वाह भत्ता रकम वितरण तथा अभिलेख अद्यावधिक गर्ने प्रयोजनका लागि देहायका कागजातहरू सहित सम्बन्धित व्यक्ति/हकदार आफैँ वा तोकिएको प्रक्रिया पूरा गरी कार्यालयमा तीन दिन भित्र सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

**आवश्यक कागजातहरूः**

१. **निवेदन पत्र**
२. **नागरिकता प्रमाणपत्रको प्रतिलिपि**
३. **द्वन्द/आन्दोलनको घाइते अपाङ्गता परिचयपत्रको प्रतिलिपि**
४. **सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र** (जीवितै रहेको र तोकिएको लाभको पदमा नरहेको)

**विशेष द्रष्टव्यः**

- **दोहोरो सुविधा सम्बन्धीः** नेपाल सरकार वा कुनै सरकारी/सार्वजनिक लाभको पदमा रही नियमित तलब, भत्ता वा पेन्सन सुविधा प्राप्त गरिरहेका व्यक्तिहरूले जीवन निर्वाह भत्ता प्राप्त गर्न पाउने छैनन्।
- **अशक्तताको हकमाः** पूर्ण अशक्त वा स्वयम् उपस्थित हुन नसक्ने घाइते अपाङ्गता भएका व्यक्तिको हकमा निजको नियमानुसारको संरक्षक वा एकाघरको हकदारले आवश्यक प्रमाण र वडाको सिफारिससहित सम्पर्क गर्न सक्नुहुनेछ।

**पुनश्चः** तोकिएको समयावधिभित्र विवरण तथा कागजात पेस नगरेमा भत्ता भुक्तानी प्रक्रियामा हुन सक्ने विलम्बको लागि सम्बन्धित व्यक्ति स्वयं जिम्मेवार हुनुपर्नेछ।

**थप जानकारीका लागिः**
जिल्ला प्रशासन कार्यालय,दोलखा - फोन/सम्पर्क नं: ०४९-४२११०४

सुरथ पोखरेल
सहायक प्रमुख जिल्ला अधिकारी